# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## विज्ञापन कर संकलनको दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०१/२०

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ. र मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७४ को दफा ८ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलनको लागि तपसिलमा उल्लिखित विज्ञापन दररेट बमोजिम आ.व. २०७९/०८० मा आन्तरिक राजस्व संकलन ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी ३१ (औं) दिनको १२:०० बजे भित्र E-bidding वा हार्डकपी मार्फत दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

ठेक्का विवरण

| क्र.सं. | बोलपत्र नं. | ठेक्काको विवरण | विज्ञापन सामग्रीको विवरण | दर रेट (रु.) | न्यूनतम रकम रु. (मू.अ.कर सहित) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | MMSI/2079-80/02 | विज्ञापन कर संकलन | विद्युतीय डिजिटल बोर्ड प्रति वर्ग फिट | २०० | ४,५२,०००।– (अक्षरुपी चार लाख बाउन्न हजार रुपैयाँ मात्र) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम वा १२० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) | १०००।– |
| | | | होर्डिङ बोर्ड/साइन बोर्ड प्रति वर्ग फिट | ७५ | | | |
| | | | ब्यानर पोष्टर प्रति वर्ग फिट | १० | | | |
| | | | भित्ते लेखन प्रति वर्ग फिट | १० | | | |
| | | | व्यापारिक स्टल (प्रति गोटा) | १५० | | | |
| | | | व्यापार तथा मेलामा प्रयोग भएको इलेक्ट्रोनिक डिस्प्ले (दैनिक) | २०० | | | |

ठेक्का सम्बन्धी शर्तहरु

१. माथि उल्लिखित दरभाउपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुबैमा खुलाउनु पर्नेछ। जुन कबोलकर्ताको अंङ्क बढी हुन्छ सो कबोलकर्ताको दरभाउपत्र स्वीकृत गरिनेछ।

२. विज्ञापन कर संकलनको ठेक्का अवधि २०७९ श्रावण १ गते देखि २०८० असार मसान्तसम्म कायम रहनेछ।

३. ठेक्का सम्झौता भए पछि कनै पनि किसिमको बन्द, हड्ताल, महामारी, बाढी पहिरो आदिको कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ती दाबी गर्न पाइनेछैन।

४. माथि उल्लिखित ठेक्का अंङ्कको मू.अ.कर ठेक्का लिने फर्मले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी सोको प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ।

५. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैक जमानत (बिड बण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरिएको रकम किस्तामा समावेश गरिनेछैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ।

# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

६. दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम नेपाल बैंक लि. मेलम्ची स्थित आन्तरिक राजस्व खाता नं. १६८०३००००१००१००००१ मा सम्बन्धित फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ ।

७. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. दरभाउपत्र पेश गर्दा कुनै पनि प्रकारको शर्त मान्य हुने छैन । साथै, रित नपुगी आएको दरभाउपत्र उपर कुनै पनि कारवाही हुनेछैन ।

९. दरभाउपत्र सम्बन्धी कुनै बिवाद् भएमा मेलम्ची नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

१०. सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा E-Bidding मार्फत दरभाउपत्र बुझाउनु पर्नेछ । साथै, दरभाउपत्र फाराम मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np मा समेत राखिएको छ र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट समेत डाउनलोड गरी E- Bidding वा हार्डकपी मार्फत पेश गर्नु पर्नेछ । कार्यालयमा प्राप्त भएका दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे खोलिनेछ ।

११. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

१२. ठेक्का सकार गर्ने फर्मले ठेक्का बापत सम्झौता गरिएको सम्पूर्ण रकम सम्झौताको समयमा नै बुझाउनु पर्नेछ ।

१३. अन्य कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

अमृत कुमार घिताल
प्रमुख प्रशासकीय अधिकृत

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश ,नेपाल

आय ठेक्का नं. :- MMSI/2079-80/02

आय ठेक्का शिर्षक :– विज्ञापन कर संकलन (मेलम्ची नगरपालिका क्षेत्र भित्र )

# दरभाउपत्र फाराम

मिति :

मेलम्ची नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल।

विषय : दरभाउपत्र पेश गरेको बारे।

तहाँ कार्यालयको मिति ..................................को दरभाउपत्र आव्हान सम्बन्धी सूचना अनुसार म्यादभित्र तोकिए बमोजिमको फाराममा बोल अङ्क खुलाई देहायको कामको दरभाउपत्र पेश गरेको छु। बोल अङ्कको ५% धरौटी बापतको रकम मेलम्ची नगर कार्यपालिका कार्यालयको नेपाल बैंक लिमिटेड, मेलम्ची स्थित धरौटी खाता नं. १६८०३०००००३००००००००१ मा काम सम्पन्न भए पछि वा ठेक्का अस्वीकृत भए पछि फिर्ता पाउने गरी ..........................................................................बैंक लि. ..................................................को मिति .......................................................................सम्म म्याद भएको .............................................को सक्कलै बैंक भौचर/बीड बण्ड यसैसाथ संलग्न राखी तपशिल बमोजिमको ठेक्का विवरण उल्लेख गरी पेश गरेको छु।

संलग्न कागजातहरु :–

१...................................................

२...................................................

३...................................................

४...................................................

५...................................................

मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

ठेक्का विवरण

सूचनामा उल्लिखित न्यूनतम रकम (मू.अ.कर सहित ) रु. ४,५२,०००।– (चार लाख बाउन्न हजार रुपैयाँ मात्र)

| ठेक्का विवरण | कबोल गरिएको रकम रु. (मू.अ.कर सहित ) | |
|---|---|---|
| | अङ्कमा | अक्षरमा |
| विज्ञापन कर संकलन (मेलम्ची नगरपालिका क्षेत्र भित्र) | | |

निवेदक

नाम, थर :

दस्तखत :

फर्म वा कम्पनीको नाम :

ठेगाना :

छाप :

अमृत कुमार घिताल
प्रमुख प्रशासकीय अधिकृत